लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
तानसेन, पाल्पा

इमेल : akcpalpa@gmail.com
फोन नं : ०७५ ५२०२९४
वेभसाइट : akcpalpa.lumbini.gov.np

अनुसूची-२२

प्रथम पटक सूचना प्रकाशन मिति २०८३।०७।१६

आ.व. २०८३/८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलका कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र (मिति २०८३।०८।०७ गते सम्म) यस कार्यालयमा तपसिलको कागजातहरू सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यवसायिक योजना, संलग्न गर्नु पर्ने कागजात, सञ्चालन कार्यविधि यस कार्यालयको सूचनापाटी/वेबसाइट akcpalpa.lumbini.gov.np बाट प्राप्त गर्न सकिनेछ । थप जानकारीका लागि कार्यालयको सम्पर्क नम्बर ९८५७०६५००६, ०७५-५२०२९४, ९८४४७१३१६५, ९८५७०६५२९४ मा सम्पर्क गर्न सकिन्छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल


क्र.स	कार्यक्रम	सञ्चालन गर्न सकिने क्रियाकलापहरू	न्यूनतम मापदण्ड	कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान	आवेदकको किसिम	अनुदानको सीमा
१	सिंचाइ सहित कृषि विकास कार्यक्रम	सिँचाइ पूर्वाधार निर्माण तथा पूर्वाधार सामाग्रीसँग सम्बन्धित कार्यक्रमहरु	कृषि फर्म, कम्पनीको हकमा ५ रोपनी र सामुदायिकको हकमा २.५ हेक्टर सिंचित क्षेत्र विस्तार गर्नुपर्ने	पाल्पा जिल्लाभर	कृषि फर्म, कम्पनी, सहकारी, समूह तथा जल उपभोक्ता समिति	•सिँचाइ कूलो, पोखरी निर्माण, सोलार सिँचाइ, स्यालो ट्युबवेल, ड्रिप सिँचाइ, पाइप सिँचाइ, पूर्वाधार निर्माणको हकमा अधिकतम ८५% •मोटर पम्मसेट, डेलिभरी पाइप, सक्सनपाइप लगायत अन्यमा ५०% अनुदान सहयोग •कृषि फर्म, कम्पनीको हकमा अधिकतम १लाख ५०हजार र कृषि सहकारी, समूह तथा जल उपभोक्ता समितिको हकमा अधिकतम ३ लाख सम्म
२	अकबरे खुर्सानी प्रवर्द्धन कार्यक्रम	अकबरे खुर्सानी उत्पादन तथा प्राथमिक प्रशोधनसंग सम्बन्धित क्रियाकलाप	कृषि फर्म, कम्पनीको हकमा ३ रोपनी र कृषि सहकारी, समूहको हकमा १५ रोपनी खेति गर्नुपर्ने		कृषि फर्म, कम्पनी, सहकारी, समूह	•बिउ बिजन तथा टनेलमा ५०% •यन्त्र उपकरण/समाग्रीमा ५०% •प्रति रोपनि रु.६००० सम्म
३	संरक्षित संरचनाभित्र तरकारी खेतीका लागि प्लाष्टिक वितरण कार्यक्रम	टनेलभित्र तरकारी खेतीका लागि प्लाष्टिक खरिद तथा वितरण	प्लाष्टिक बाहेकको संरचना बनाएको हुनुपर्ने		कृषि फर्म, कम्पनी, कृषि सहकारी समूह	अधिकतम ५०% अनुदान

अमिता पाण्डे
कार्यालय प्रमुख

४	मागमा आधारित कृषि विकास कार्यक्रम	बालीबस्तुको उत्पादन/प्रशोधन/बजारीकरण संग सम्बन्धित कार्यक्रम, यन्त्र उपकरण तथा अन्य आवश्यक सामाग्री	प्रस्तावकको कार्ययोजना सहित माग हुनुपर्ने	पाल्पा जिल्लाभर	कृषि फर्म, कम्पनी, सहकारी, समूह	अधिकतम १ लाखमा नबढ्ने गरी ५०% अनुदान
५	कृषि उपज बजारीकरण सामग्रीमा सहयोग कार्यक्रम	स्वदेशी उत्पादनको सङ्कलन, प्याकेजिङ्ग, ग्रेडिङ्ग र बजारीकरण तथा बजार सूचनासंग सम्बन्धित सम्बन्धित कार्यक्रम	स्वदेशी उत्पादन सङ्कलन, प्याकेजिङ्ग, ग्रेडिङ्ग र प्राथमिक प्रशोधन गरिरहेको हुनुपर्ने		कृषि फर्म, कम्पनी, सहकारी, समूह तथा बजार समिति	अधिकतम १ लाखमा नबढ्ने गरी ५०% अनुदान
६	कृषि सहकारी मार्फत जैविक मल उद्योग पूर्वाधार निर्माण	जैविक/प्राङ्गारीक मल उत्पादनसंग सम्बन्धित उद्योग पूर्वाधार निर्माण	कृषि सहकारीको आफ्नै स्वामित्वमा जग्गा रहेको हुनुपर्ने		कृषि सहकारी	बिनियोजित बजेटको ५०% अनुदान
७	महको प्रशोधन तथा प्याकेजिङ्गमा यन्त्र उपकरण तथा सामग्री सहयोग	प्रशोधन र बजारीकरणसँग सम्बन्धित कार्यक्रम	मौरीसहितको कम्तीमा २० घार मौरीपालन गरेको हुनुपर्ने		कृषि फर्म, कम्पनी, सहकारी तथा समूह	बिनियोजित बजेटको ५०% अनुदान
८	रैथाने वाली तथा स्थानीय जातका वालीवस्तु प्रवर्द्धन कार्यक्रम	रैथाने वाली तथा स्थानीय जातका वालीवस्तुको उत्पादन सङ्कलन प्रशोधन तथा बजारीकरण सामाग्री तथा उपकरण (सिचाइ मोटर पम्पसेट मिनि टिलर र पावर टिलर बाहेक)	मुल्य श्रंखलामा आवद्ध कृषक, फर्म, कम्पनि, कृषक समूह / सहकारी		कृषक, कृषि फर्म, कम्पनी, सहकारी तथा समूह	• उत्पादन सामाग्रीको हकमा ५०% • उत्पादन प्रशोधन तथा बजारीकरण यन्त्र उपकरणमा ५०% • प्रति अनुदानग्राही ५० हजार नबढ्ने गरी कार्यक्रम संचालन हुने
९	सहकारी मार्फत कृषि प्रवर्द्धन कार्यक्रम	सहकारी संघ/संस्थाहरुमार्फत कृषि जन्य उत्पादन प्रशोधन बजारीकरण संग सम्बन्धित कार्यक्रम (प्रविधिमा आधारीत मसिन, उपकरण, सामाग्री)	• सहकारी संघ/संस्थाहरु दर्ता भएको मितिले २ वर्ष पुगेको • व्यवसाय आफैले गरेको वा गर्नुपर्ने, • कालो सूची वा कानुनी समस्यामा नभएको हुनुपर्ने • दुईलाखभन्दा कम लागतको प्रस्ताव पेश गर्न नपाईने		सहकारी संघ/संस्थाहरु	सहकारी संघ/संस्थाहरुले पेश गरेको प्रस्तावको कूल रकमको अधिकतम ५ लाख वा ५०% मध्य जुन कम आउछ सो रकम प्रदान गरिने (कार्यविधिमा ५लाख भएपनि कार्यालयको बजेटलाई निर्णायक मानिने)

नोटः यस सूचनामा उल्लेखित व्यवस्था तथा प्रावधानहरू फरक वा बाझिन गएमा स्वीकृत कृषि, पशुपन्क्षी तथा सहकारी कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ मा उल्लेखित व्यवस्था नै अन्तिम तथा मान्य हुनेछ।

अमिता पाण्डे
कार्यालय प्रमुख



संलग्न गर्नु पर्ने कागजातहरू:

१. प्रस्तावकको निवेदन । (अनुसूची-२३ बमोजिम)

२. दर्ता/नवीकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी) ।

३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।

४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।

५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार) (अनुसूची- २४बमोजिम) ।

६. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि ।

७. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।

८. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।

९.कृषकको हकमा किसान सूचिकरणमा दर्ता भएको दर्ता नम्बर ।

धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र ।

नोट: कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित कार्यालयले सूचनाको ढाँचा तथा अवधि थप सहित परिमार्जन गरी प्रकाशन गर्न सक्नेछ साथै कार्यक्रमको प्रकृति अनुसार कागजातहरूको विवरण थपघट गर्न सकिने छ ।

2073/07/16.

कार्यालय प्रमुख

अमिता पाण्डे

कार्यालय प्रमुख